ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

# नेपाली सङ्गीतको प्रतिलिपी अधिकारः चुनौती र समाधानका उपायहरू

प्रभा बर्तौला#*
#Mphil/PhD scholar at Central Dept. of Finearts, Tribhuvan University.
*Corresponding Author: pbartaula54@gmail.com

Citation: बर्तौला, प्रभा(2025). नेपाली सङ्गीतको प्रतिलिपी अधिकारः चुनौती र समाधानका उपायहरू .
*Journal of Fine Arts Campus*, 6(1). 52-58. https://doi.org/10.3126/jfac.v6i1.76088

**लेखसारः**

वर्तमान समयमा सङ्गीत उपभोगको परम्परागत पद्धतिलाई डिजिटल पद्धतिले विस्थापित गरेका कारण सङ्गीत उत्पादन, वितरण र प्रदर्शनका गतिविधिहरु सरलता तर्फ उन्मुख भएको छ । प्रविधिको विकाशले सङ्गीतको विकाशसंगै प्रतिलिपि अधिकारको रक्षा  जस्ता यसले चुनौतिहरुको सिर्जना गरेको छ । जसका कारण प्रतिलिपी अधिकार उलङ्घनको घट्नाहरु क्रमिक रुपमा बढ्दै गएका छन । प्रतिलिपि भनेको सिर्जनात्मक कार्यको हुबहु नक्कल गर्नु हो, र अधिकार भनेको कानूनी वा नैतिक विशेष सुविधा हो । नेपाली सङ्गीतको प्रतिलिपी अधिकार चुनौती र समाधानका उपायहरु विषयमा गरिएको यस अनुसन्धानात्मक अध्ययनले प्रतिलिपी अधिकारसँग सम्बन्धित प्रमुख समस्याहरूको बारेमा व्याख्या तथा विश्लेषण गर्दै व्यावहारिक हिसाबले समाधानका मार्गहरु खोजी गर्ने प्रयास गरेको छ । नेपाली सङ्गीत क्षेत्रमा डिजिटल पद्धतिसंग सम्बन्धित अधिकार उत्पन्न भएको चुनौती र समाधानका उपाएहरुका सम्बन्धमा प्रस्तुत आलेख तयार पारिएको छ । मुख्यत आईटी विज्ञसंगको अन्तरवार्ता र पुर्व प्रकाशित लेख, रचना र पुस्तकहरुलाई आधार मानेर यस अनुसन्धनात्मक कार्यलाई सम्पन्न गरिएको छ । प्रस्तुत लेख विषेशत सङ्गीत सर्जक, स्रोता, उत्पादक, वितरक लगायत अध्ययनकर्ताहरुको लागि पनि सहयोगी हुनेछ ।

**शब्द कुन्जिः** डिजिटल प्लेटफर्महरू, नेपाली सङ्गीत, प्रतिलिपि अधिकार

## पृष्ठभूमिः

नेपालको साङ्गीतिक परम्परा लामो इतिहास र अभ्यासबाट निर्मित सांस्कृतिक र सामाजिक धरोहर हो, जसमा धर्म, संकृति र सामाजिक परम्पराहरूको मिश्रण रहेको छ । यो परम्पराले विभिन्न कालखण्डहरुलाई पार गर्दै देशको सांस्कृतिक पहिचान निर्माण गर्नको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सङ्गीतमा विशेष गरी शब्द रचना, लय रताललाई प्रालिलिपि अधिकार लागू हुने गर्दछ । प्रविधिको विकास र विस्तारका कारण सङ्गीतको स्वरूप, प्रयोग, उत्पादन, प्रस्तुति र वितरण शैलीहरुमा परिवर्तन हुँदै आएको छ । विशेष गरी सङ्गीत डिजिटल युगमा प्रवेश गरे सँगै, डिजिटल प्लेटफर्महरूले सङ्गीतको पहुँचलाई विश्वव्यापी बनाई दिएको छ । जसले गर्दा सर्जकहरुलाई आफ्ना सिर्जनाहरु सबैको पहुँचमा पुर्‍याउन अत्यन्तै सहज भएको छ । यहि सहजताको कारण सङ्गीत व्यवसायको संरचना प्रभावित हुनुका साथै डिजिटल माध्यममा सङ्गीतको प्रतिलिपी अधिकार र यसको संरक्षणका लागि नयाँ चुनौतीहरू जस्तै अनधिकृत प्रयोग, डाउनलोड र वितरण पनि थपिदै गएको छ ।

नेपालमा बौद्धिक सम्पत्ति सिर्जनाको अभ्यास प्राचीन समय देखि चलिआएको हो । सङ्गीत सिर्जना गर्नु पनि बौद्धिक कार्य हो, जुन बौद्धिक संम्पत्ति अन्तर्गत पर्दछ । बौद्धिक संम्पत्ति अन्तर्गत पर्ने कुनैपनि सर्जकको रचनाहरू पुनः उत्पादन, वितरण, प्रदर्शन गर्नको लागी अधिकार प्रदान गर्नुका साथै सर्जकको आर्थिक र नैतिक अधिकारलाई संरक्षण गर्नका लागि उपयोग गरिने कानूनी अधिकारलाई प्रतिलिपी अधिकार भनिन्छ । नेपालमा बौद्धिक सम्पत्ति सिर्जनाको कानूनी संरक्षणको सुरुवात विं.सं.१९१० मा राजा सुरेन्द्रको समयबाट भएको देखिन्छ (पौड्याल, २०७८) । नेपालमा पहिलो बौद्धिक सम्पत्ति कानूनी व्यवस्था जुद्धशमशेरको पालामा विं.सं.१९९३ मा पेटेन्ट, डिजाइन र ट्रेडमार्क कानूनको रूपमा ल्याइएको थियो । त्यसपछि विं.सं..२०२२ मा राजा महेन्द्रको पालामा पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन लागू भयो जसले औद्योगिक सम्पत्तिको संरक्षण र अन्तर्राष्ट्रिय सम्झौतासँग मेल खाने व्यवस्था बनायो (रेग्मी र अधिकारी, nd, पृ १३) । यसैगरी, विं सं. २०२२ सालमा प्रथम पटक प्रतिलिपि अधिकार संरक्षण ऐन २०२२ जारी भयो । नेपालमा हाल प्रतिलिपि अधिकार ऐन २०५९ र २०६१ लागू छ ( नागरिक, २०७१) । प्रतिलिपि अधिकार लागू भएता पनि कार्यान्वयनमा विभिन्न जटिलता को सामना गर्नु परेको हुनाले सर्जकहरुको प्रतिलिपि अधिकार संरक्षणमा विभिन्न समयस्याहरू देखा परका छन् । जसमध्ये प्रविधि मैत्री कानुनको अपर्याप्तता, झन्झटिलो कानूनी प्रक्रिया, लामो समय लाग्नुका साथै खर्चको पनि आवश्यकता पर्ने हुनाले समस्या पनि कायमै छ (गिरी, २०८१)।


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

प्रस्तुत लेखमा डिजिटल प्लेटफर्महरूको कानूनी व्यवस्थापन, प्रतिलिपि अधिकार उल्लंघनका कारण र त्यसका समाधानका उपायहरू खोजी गरिनेछ । यस अध्ययनको उद्देश्य नेपाली सङ्गीतको प्रतिलिपी अधिकारको चुनौती र समाधानका उपायहरूको विस्तृत ढङ्गबाट व्याख्या विश्लेषण गर्नु हो । प्राथमिक स्रोतको रुपमा विषयसंग सम्बन्धित आईटी विज्ञसँगको अन्तर्वार्ता र द्वितीयक स्रोतको रुपमा कानूनी दस्तावेजहरू, सरकारी वेबसाइटहरू, विभिन्न प्रकाशित लेख र पुस्तकहरूलाई आधार बनाई यस अध्ययन कार्य सम्पन्न गरिएको । प्रस्तुत अनुसन्धनात्मक कार्य प्रतिलिपी अधिकार अनुसन्धानकर्ता, सर्जक, सङ्गीत उत्पादक, वितरक, प्रयोगकर्ता र अन्य सरोकारवालाहरूलाई जानकारी प्रदान गर्नको लागी उपयोगी हुनेछ ।

**प्रतिलिपि अधिकारको उत्पत्ति र विकासः**

नेपालमा साक्षरतामा वृद्धि भएबाट पुस्तकहरूको मागमा पनि वृद्धि हुनपुग्यो । यस प्रकारको माग पुरा गर्नमा छपाई प्रविधिको विकासले प्रोत्साहन दियो । जसका कारण पुस्तकहरूको उत्पादन सजिलो र सस्तो भएको पाइन्छ । यद्यपि, यसले अनधिकृत रूपमा नक्कल हुने जोखिम पनि उत्पन्न हुन पुगेका कारण लेखक र प्रकाशकको अधिकारको रक्षा गर्न प्रतिलिपि अधिकारको कानूनी संरचनाको प्रारम्भ भयो (Seeley, n.d.) । पहिलो प्रतिलिपि अधिकार कानून स्थापना सन् १७१०मा बेलायती संसदमा Anneको विधान मार्फत भयो । यसलाई विश्वभरि प्रतिलिपि अधिकार कानूनको सबैभन्दा प्रारम्भिक अंश मानिन्छ । यसको मुख्य उद्देश्य प्रकाशन व्यवसायमा प्रतिस्पर्धा बढाउनु, एकाधिकारलाई नियन्त्रण गर्नु, सर्जक आफ्नो कार्यको धनि हुन पाउनु र पुनरोत्पादनको लागि अनुमति लिनु पर्ने रहेको थियो (Intellectual Property Rights Office, n.d) । त्यसपछि प्रतिलिपि अधिकारको सुरुवात र संरक्षण अरू देशमा पनि विस्तार हुँदै गयो । सन् १७४१को डेनमार्कको अध्यादेश (Jakobsen, n.d.) र सन् १७९०को अमेरिकी संघीय ऐन यसका प्रारम्भिक उदाहरण हुन् ।

१९औं शताब्दीको मध्यबाट जर्मनी, अस्ट्रिया, स्पेन र लेटिन अमेरिकी देशहरूमा पनि प्रतिलिपि अधिकार कानूनहरू लागू हुँदै गयो (Ficsor, 2023) । फ्रान्समा फ्रान्सेली क्रान्ति अघि प्रकाशकलाई अधिकार दिइएको थियो, तर क्रान्तिपछि सन् १७९१ र सन् १७९३ मा रचनाकारको कार्यलाई संरक्षण दिने आदेश जारी भएको थियो (Ginsburg, 1990) । १८औं शताब्दिको सुरुमा युरोपेली धार र एङ्लो अमेरिकन गरि प्रतिलिपि अधिकार दुई प्रमुख धारामा विकसित भयो र यी दुई धाराले कानूनी संरचनामा पनि भिन्नता ल्याए । अन्तरदेशीय व्यापारको वृद्धि र सिमा बाहिर अनाधिकृत नक्कलको जोखिमका कारण, १९औं शताब्दीको मध्यतिर युरोपियन देशहरूले द्विपक्षीय सम्झौताहरू गरे, जसले अन्य देशहरूको सिर्जनात्मक कार्यलाई पनि संरक्षण दिन थाल्यो । तर यो सम्झौताहरू एकरुपता र व्यापता हुन नसकेको कारण स्थायी र एकैनासको संरक्षणको आवश्यकता को महसुस गरी साहित्यिक तथा कलात्मक कार्यको संरक्षणको लागि सन १८८६ मा पहिलो पटकको बर्न महासन्धि जारी भयो । यो महासन्धिले राष्ट्रिय व्यवहार र न्यूनतम अधिकारका सिद्धान्तहरू प्रस्तुत गर्दै, अन्तर्राष्ट्रिय स्तरमा प्रतिलिपि अधिकारको संरक्षण सुनिश्चित गर्यो (नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय २०७०, पृ.७-१०) ।

**डिजिटल माध्यमबाट सङ्गीतको विकासः**

सन् १९८२ बाट सीडीको प्रयोग सुरुवात भएसंगै यसभन्दा अघि प्रयोगमा रहेका क्यासेट भिसिआर जस्ता प्रविधि पुराना हुन पुगे (Janssens et al., 2009) । सन् १९९०को दशकको अन्त्यबाट सङ्गीतको डिजिटल वितरण सुरूवात भएको थियो । MP3.com सेवाले सर्जकहरूलाई आफ्ना सिर्जनाहरू अनलाइन वितरण गर्ने अवसर सन् २०००बाट प्रदान गरे । डिजिटल सङ्गीतको उदय २०औं शताब्दीको अन्त्य र ९०को दशकमा CD र VCR क्यासेट प्लेयरको लोकप्रियतासँग जोडिएको छ ( Hermawan and Heyzer, 2017) । सन् २०१०को दशकमा, Spotify, Apple Music, Tidal, YouTube Music, Pandora र अन्य सेवाहरू देखा परे (Smith, 2023) । सन् २०१०को दशकबाट प्रमुख आम्दानी स्रोत बनेको सङ्गीत स्ट्रिमिङबाट सङ्गीत वितरणको ढाँचामा परिवर्तन भए पश्चात् उपभोक्ताहरूले जहाँसुकै र कुनै पनि समयमा मनपर्ने सङ्गीत सुन्न सक्छन् । यसरी डिजिटल प्रविधिको विकासले सङ्गीत उद्योगमा स्ट्रिमिङ, डिजिटल बिक्री, र सामाजिक सञ्जाल मार्फत सर्जकलाई वैश्विक पहुँच दिएको छ । नेपाली सङ्गीतलाई पाश्चात्य सङ्गीत पद्धतिमा लेख्ने र प्रयोग गर्ने प्रचलनबाट उचाइतिर बढेकोमा डिजिटल पहुँचले शिखर चुम्न मद्दत पुगेको छ (मुकारुङ २०७८) । डिजिटल युग सुरुवात नभएको अवस्थामा रेडियो र टेलिभिजन मार्फत सङ्गीत प्रसारण महँगो र समय लिने थियो भने वर्तमान समयमा उपलब्ध विभिन्न डिजिटल सेवाका कारण सर्जकहरूले कम्पनीको सहयोग बिना गीत सङ्गीत अपलोडका साथै पहुँचलाई विश्वव्यापी बनाएको पाइन्छ । यसले नयाँ प्रतिभाको उदय र आम्दानीको नयाँ स्रोत खोल्नुका साथै कानूनी चुनौतीहरू पनि थपिदै गएको पाइन्छ ( भट्टराई, २०८१) ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

**नेपाली सङ्गीतमा प्रतिलिपी अधिकारको प्रयोग र कानूनी अवस्थाः**

नेपालको संविधान,२०७२ धारा २५ अनुसार 'सम्पत्ति' भन्नाले चलअचल लगायत बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ भन्ने उल्लेख छ । त्यस्तै अनुसूची-५ -धारा ५७ को उपधारा -१) र धारा १०९ सँग सम्बद्ध) संघको अधिकारको सूचीमा बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकारसमेत) लाई समावेश गरिएको छ । नेपाल सरकारले प्रतिलिपि अधिकारलाई प्रतिलिपि अधिकार ऐन, २०५९ मार्फत सुरक्षित गरेको छ । नेपाल बर्न महासन्धि (Bern Convention) र विश्व व्यापार सङ्गठन (WTO) दुवैमा सदस्य राष्ट्र बने लगतै ति दुई सङ्गठनको सन्धि सम्झौता अनुरुप प्रतिलिपि अधिकार ऐन, २०५९ लागू भएको हो (नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, २०७०) । यो नेपालमा नेपालको प्रतिलिपि अधिकार सम्बन्धी कानूनी प्रावधानहरु समेट्ने प्रमुख कानून हो । प्रतिलिपि अधिकार ऐन, २०५९ले प्रतिलिपि अधिकारको संरक्षण, उल्लङ्घन र कानूनी उपचार लाई सम्बोधन गरेको छ । नेपाली गीत सङ्गीतमा रोयल्टी संकलन संस्था गठन गर्न प्रतिलिपि अधिकार नियमावली, २०६१ले संस्थाको गठनसम्बन्धी व्यवस्था रहेको छ । संस्थाको गठनपश्चात् रोयल्टी संकलनका लागि एउटा विधामा रचयिता, ध्वनिअंकन, प्रस्तुति वा प्रसारण धनी सहित कम्तीमा सात सदस्य रहने उल्लेख छ । संस्थाले सम्बद्ध विधाका स्रष्टालाई संस्थाको सदस्यता प्रदान गर्ने, रचयिता वा सम्बद्ध विधाका धनीले पाउने रोयल्टी रकम निर्धारण, संकलन, वितरण एवम् प्रकाशन गर्ने, रोयल्टी संकलनको मापदण्ड बनाई लागू गर्ने, संस्थाले गरेको काम कारबाहीको जानकारी रजिस्ट्रारलाई गराउने गर्दछ (प्रतिलिपि अधिकार नियमावली, २०६१)

पहिले रेडियो र टेलिभिजनमा क्यासेट, सिडी र भिसिडी, डिभिडी जस्ता परम्परागत मिडियाहरुको लोकप्रियता थियो र सङ्गीतको वितरण पनि यिनै माध्यमहरुमा मात्रै सिमित थियो । तर अहिले डिजिटल मिडिया, जस्तै यूट्यूब, स्ट्रिमिङ सेवाहरू (Spotify, Apple Music) र अन्य सामाजिक प्लेटफर्म (फेसबुक, ट्वीटर, इन्स्टाग्राम)हरूको प्रयोगले सङ्गीतको पहुँच, प्रसारण र वितरण साथै प्रचारप्रसारलाई पनि एकदमै सहज र छिटो बनाएको छ (नेपाल, २०८१) । नेपाली सङ्गीत डिजिटल युगमा प्रवेशसँगै आर्थिक रुपमा समृद्ध हुने अवसरका साथमा नैतिक चुनौतीहरू पनि आएको छ । डिजिटल प्लेटफर्महरूले सङ्गीतलाई विश्वव्यापी बनाएका भएतापनि सर्जकहरूको आर्थिक र नैतिक अधिकारको संरक्षणमा समस्या थपिएको छ । संसारका अनेक श्रष्टाहरूको सिर्जना डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सामाजिक सञ्जाल मार्फत साझा गर्नुका साथै अनलाइन स्ट्रिमिङ, डाउनलोड गर्न सकिन्छ । त्यसमध्ये सर्वाधिक प्रचलित यूट्यूब को व्यापक प्रयोगबाट सिर्जनात्मक संख्यामा वृद्धि भएको पाइता पनि, बढ्दो अस्वस्थ्य प्रतिस्पर्धा र भ्यू (ख्भ्धध) बढाउने चक्करमा गुणस्तरमा कमि आएको छ (थापा, २०८१) । युट्युब लगायतका अनेक डिजिटल प्लेट मार्फत सर्जकहरूको सिर्जनाको अनधिकृत वितरण वा अपलोड तथा प्रयोगलाई नियन्त्रित गर्दै मुख्य सर्जकको आर्थिक र नैतिक अधिकारको संरक्षणमा प्रतिलिपी अधिकारले महत्वपुर्ण भूमिका निभाएको पाइन्छ (रेग्मी, २०८०) ।

प्रतिलिपी अधिकार अन्तर्गतको आर्थिक अधिकार भित्र रचनाको पुनरोत्पादन, अनुवाद, परिमार्जन, संशोधन, रूपान्तरण, बिक्री वितरण वा बहालमा दिने, आयात गर्ने, प्रदर्शन, प्रसारण गर्ने आदि अधिकार रचनाका धनीलाई हुन्छ । यी कार्य गर्न कसैलाई अनुमति दिन वा रोक्न सक्ने अधिकार सम्बन्धित सर्जकलाई मात्र हुन्छ । नैतिक अधिकार अन्तर्गत आफ्नो रचनामा नाम उल्लेख गर्न लगाउने, रचनाको सम्मान वा ख्याति जोगाउने र आफ्नो रचनाको संशोधन वा परिमार्जन गर्ने आदि अधिकार रचनाकारलाई हुन्छ । त्यसैगरी प्रतिलिपी अधिकार ऐनमा बिक्री वा हक हस्तान्तरण भएको रचनामा पनि रचनाकारको नाम हटाउन वा रचनालाई अन्यथा गर्न नपाइने व्यवस्था छ । यो अधिकारले सिर्जनाकारहरूको अनुमति बिना सिर्जना प्रयोग गर्नबाट रोक्छ र अनधिकृत प्रतिलिपीकरण विरुद्ध कानूनी सहारा प्रदान गर्दछ । प्रतिलिपी अधिकारले सङ्गीतकार र सिर्जनाकर्ताहरुलाई आर्थिक लाभ दिने मात्र नभई उनीहरूको सिर्जनात्मकताको सुरक्षा पनि गर्दछ । यद्यपि रोयल्टी र बौद्धिक सम्पत्ति अधिकारमा अझै सुधारको आवश्यकता छ, र गीतहरूको प्रयोग गर्दा उचित रोयल्टी तिर्ने व्यवस्था भने प्रायः अव्यवस्थित छ । डिजिटल मिडियाको विकाससँगै सर्जकहरूको आर्थिक सुरक्षा र संरक्षणमा सुधार ल्याउने चुनौती पनि बाँकी नै छ ।

डिजिटल माध्यमले नेपाली सङ्गीतलाई विश्वभर फैलाउन मद्दत गरेको छ । यसले नयाँ बजारहरू सिर्जना गरेको छ जसले आर्थिक फाइदा पुर्याउन सक्छ । डिजिटल प्लेटफर्महरूले सर्जकहरूलाई सहकार्य र साझेदारीको नयाँ अवसर प्रदान गरेको छ । सर्जकले सिर्जनात्मकता र नवप्रवर्तनलाई प्रोत्साहन दिन सक्छ । युट्युब, स्पोटिफाइ जस्ता प्लेटफर्महरूसँग सहकार्य गरी सङ्गीतकारहरूको प्रतिलिपी अधिकारलाई सुनिश्चित गर्न सकिन्छ । सङ्गीतको अन्तराष्ट्रीय व्यापारका कारण राज्यको राजश्व वृद्धिमा योगदान पुऱ्याएको छ । सर्जकको आम्दानिको स्रोतमा वृद्धि, सृजनाको संख्या र गुणस्तरमा वृद्धि, सङ्गीतको उपभोक्ताको दायरा र पहुँच असिमित बनाएको छ ।


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

नवोदित सर्जकहरुलाई पहिचान र क्षमता विकाशमा सघाउ पुऱ्याएको छ । लगानि कर्ताहरुलाई सङ्गीतमा लगानी गर्नको लागी आकर्षित गराएको छ ।

**नेपाली सङ्गीतमा प्रयोग हुने केही प्रमुख डिजिटल प्लेटफर्महरू:**

डिजिटल माध्यमभन्दा पहिला नेपाली सङ्गीत रेडियो नेपाल, एफएमहरु, नेपाल टेलिभिजन लगायतका टेलिभिजनहरु, सार्वजनिक यातयातका साधनहरु, होटल, रेस्टुरेण्ट, नेपाल टेलिकम र ऐनसेल जस्ता प्लेटफर्म मार्फत प्रचारप्रसार हुने गर्दथ्यो । वर्तमान समयमा क्उयतषथ, ब्उउभि :गकष्अ एवम् ब्बशयल :गकष्अ जस्ता डिजिटल प्लेटफर्म मार्फत स्ट्रिमिङ सेवाहरू सामेल भएका कारण नेपाली सङ्गीत विश्वभर पुग्न सफल भएको छ । नेपाली सङ्गीतको भिडियोहरू अपलोड गर्न र हेर्नका लागि सबै भन्दा ठूलो प्लेटफर्म युट्युब हो भने सामाजिक मिडिया र भिडियो प्लेटफर्महरू जस्तै Facebook, Tik–Tok एवम Instagram पनि छोटा भिडियोहरू फैलाउने माध्यमहरू हुन् । त्यसैगरी म्यूजिक च्यानलहरूका माध्यबाट पनि नेपाली सिर्जनाहरूको प्रचारप्रसार भएको पाइन्छ। नेपाली गीत र सङ्गीतको डाउनलोड र खरिदको लागि प्रयोग हुने प्लेटफर्महरु फेसबुक र इन्स्टाग्राम रहेका छन् । यसले सर्जकहरूका साथै उत्पादक तथा वितरकहरूलाई सिर्जना र कलाको व्यापक प्रसार गर्ने अवसर दिन्छ । यसरी डिजिटल प्लेटफर्महरूले विभिन्न अवसरहरूको मार्ग प्रसस्त गर्नुका साथै नेपाली सङ्गीतको बजारलाई अन्तर्राष्ट्रिय स्तरमा फैलाउन महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ (अर्याल, राजेन्द्र, व्यक्तिगत संवाद, मिति २०८१, ७, ३०) ।

**प्रतिलिपि अधिकार दुरुपयोगका केहि घटनाहरू:**

विशेषत: टिकटक जस्ता डिजिटल प्लेटफर्ममा नयाँ भनेर प्रयोग गरिएका सिर्जनाहरूमा सर्जकको नाम र श्रेय नदिइने समस्याले सर्जकको प्रतिलिपि अधिकारलाई प्रभाव पार्नुका साथै उल्लङ्घन भैरहेको छ । सर्जकहरूले कानूनी अधिकारको प्रयोग नगर्दा बिचौलियाले सिर्जनात्मक कार्यको दुरुपयोग गरिरहेका छन् । नेपालमा यस प्रकारका अनेक घटनाहरू समय-समयमा घटिरहेको पाइएको छ । नेपाली सङ्गीत क्षेत्रमा भएका अनेक घटनाहरू मध्ये केहीको उल्लेख यस प्रकार रहेका छन् । विं.स २०७६ सालमा प्रकाश सपुतको चर्चित गीत गलबन्दीको लय आफूले पाँच वर्ष अघि गाएको देउसी भैली गीतसँग मिलेको भन्दै गायक शम्भु राईले प्रतिलिपि अधिकारको कुरा उठाएपछि विवाद चर्केको थियो (अनलाइनखबर २०७६) । त्यसैगरी उदय सोताङ र मनिला सोताङको “माया नमार“ गीत उदाहरणको रूपमा लिइन्छ, जहाँ गीतको श्रेय सही व्यक्तिलाई नदिएकोमा विवाद उत्पन्न भएको छ (बिबिसि न्युज नेपाली, २०७९) । त्यसैगरी गायक प्रमोद खरेलले विं.स २०७७ सालमा विन्ध्यवासिनी म्यूजिक प्रा.लि.ले प्रतिलिपि अधिकारको दुरुपयोग गरेको भनी फौजदारी जाहेरी दिएका आधारमा मुद्दा चलेको देखिन्छ ।

म्युजिक कम्पनी एवम् खरेलका बिचमा भएको यस विवादले प्रतिलिपि अधिकारको कानूनी प्रक्रियामा जटिलता ल्याएको छ (शिलापत्र, २०७७) । प्रतिलिपि अधिकारको विषयमा सर्जकहरूलाई थाहा नभएकै कारण सिर्जनात्मक कार्यको अधिकार हनन र ठगीको समस्या छ । प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार सर्जकलाई आर्थिक र नैतिक अधिकार प्रदान गरिने भएतापनि धेरै कलाकारहरूले सिर्जनाको दर्ता र अधिकारको संरक्षणमा ध्यान दिन नसकेका हुनाले वितरक र कम्पनीलाई मात्रै फाइदा पुगेको देखिन आएको छ । नेपाली सङ्गीत क्षेत्रमा देखा परेका यस प्रकारका समस्याहरूको समाधानका लागि कानूनी सुरक्षा र जागरूकता बढाउन लक्ष्मण शेष र अन्य कलाकारहरूले औंल्याएका छन् (बिबिसि न्युज नेपाली, २०७९) । डिजिटल युगमा, सर्जकलाई प्रतिलिपि अधिकार र संरक्षणका बारेमा सर्जकहरूलाई जानकारी गराउनु आवश्यक छ (बुढाथोकी, २०८०) । डिजिटल प्लेटफर्महरूका माध्यबाट माथि उल्लेख गरिएका घटनाहरू दोहोरिन नदिनाका लागी उपयुक्त कानूनी कदम चाल्नु अत्यावश्यक देखिन्छ । कलाकारहरूको सिर्जनाको संरक्षण तथा नैतिक एवम् आर्थिक सुरक्षा प्रतिलिपि अधिकारको सुनिश्चितता लागि प्रविधिको उपयोग सकारात्मक तवरबाट प्रयोग गरिनु आवश्यक छ ।

प्रतिलिपि अधिकार उलङ्घन भएकोले उजुरी प्रतिलिपि रजिष्टार कार्यालयमा पुगे पनि सम्बन्धित पक्षमा बिचमा मौखिक वा लिखित सहमतिबाट समस्या सुल्झाउने गरिएको हुनाले अदालतसम्म पुग्न पाउँदैन । सम्बन्धित निकाय मार्फत घटना छिनिफानो गर्ने व्यवस्था अनिवार्य नगरेकै कारणले गर्दा पनि संस्थागत रुपमा प्रतिलिपि अधिकार स्थापना हुन सकिरहेको छैन । प्रतिलिपि अधिकार उलङ्घन सम्बन्धि कानुनको प्रभावकारीता ओझेल पर्नुमा आपसी सहमति जस्ता खुद्रा काममा अल्झिनु रहेको देखिएको छ । जसका कारण आम प्रयोगकर्ताहरुले प्रतिलिपि अधिकार उलङ्घनलाई सामान्य घटनाका रुपमा लिएको पाइन्छ । यसप्रकारको घटना घटिहाले पनि आपसि सहमतिमा विवाद समाप्त हुने भाष्य नै सिर्जना भएको पाईन्छ । यसले गर्दा प्रतिलिपि अधिकार उलङ्घन हुने जोखिम कायमै छ । त्यसैगरी कानुनी प्रकृया अत्यन्त झन्झटिलो तथा कार्य पनि अत्यन्त सुस्त गतिमा गरिने भएका कारण कानुनी रुपमा भन्दा आपसी सहमतिमा सुल्झाउने गरिएको पाइन्छ । प्रतिलिपि अधिकार हनन् हुँदा अधिकार हनन् गर्ने व्यक्ति र सर्जकका बिचमा सिधै समाधान खोज्नुको सट्टमा सम्बन्धित निकाय मार्फत घटना


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 6, Issue 1**
Double-Blind Peer Reviewed Research Article

छिनिफानो गर्ने व्यवस्था अनिवार्य गरिनु पर्छ । डिजिटल युगले नेपाली सङ्गीतमा धेरै सकारात्मक परिवर्तन ल्याए सँगै नयाँ युगको थालनी गरेको छ । यसले नेपाली सङ्गीतलाई विश्वव्यापीकरण गर्नमा ठूलो भूमिका खेल्नुका साथै चुनौतीहरू पनि खडा भएका छन् । जसमध्येका सिर्जना चोरी गुणस्तरमा ह्रास सङ्गीतको मूल्यमा ह्रास प्रमुख रुपमा देखा परका छन् । डिटिल माध्यमबाट सिर्जनात्मक कार्य चोरीलाई रोक्नको लागी प्रतिलिपि अधिकार ऐन, २०५९ अपर्याप्त भएकोले नयाँ प्रतिलिपि अधिकार ऐन, २०८१ संसदमा विचाराधिन छ (नेपाल सरकार, २०८१)।

डिजिटल युगको आगमनसँगै नेपाली सङ्गीत क्षेत्रले पनि ठूलो परिवर्तन आएको छ । यो परिवर्तनले सङ्गीतको उत्पादन, वितरण र उपभोगको तरिका बदलिदिएको छ । विशेषगरी, डिजिटल माध्यममा प्रतिलिपी अधिकारका समस्याहरू प्रमुख चुनौतीको रूपमा उभिएका छन् । नेपालमा प्रतिलिपी अधिकारको संरक्षण डिजिटल माध्यममा अझै पर्याप्त मात्रामा विकसित भएको छैन, जसले गर्दा सर्जक, उत्पादक र वितरकहरूलाई आर्थिक र कानूनी समस्याहरूको सामना गर्नुपरेको छ । अहिले समना गर्नु परेको मुख्य चुनौतिहरुको यहाँ चर्चा गरिएको छ । सर्जकहरूको आर्थिक अधिकारको संरक्षण सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालले गर्दछ । यो संस्था विं स २०६४ सालमा गठन भएको थियो र प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम सङ्गीतको रोयल्टी सङ्कलन र वितरणको कार्य गर्दछ । सार्वजनिक ठाउँमा सर्जकको गीत बजाउँदा रोयल्टी तिर्नु कानूनी रूपमा अनिवार्य छ । हरेक वर्ष रोयल्टी वितरण गर्नुपर्ने भए पनि नेपलको सन्दर्भमा पर्याप्त मात्रामा सङ्कलन नभएको कारण वितरण वर्षको अन्तरालमा मात्र गरिएको छ । हालसम्म ७५/७६ र ७८/७९ का आर्थिक वर्षमा दुईपटक मात्र रोयल्टी वितरण गरिएको छ । २०७८ सम्ममा ६ करोड रोयल्टी सङ्कलन भएको र ४ करोड वितरण गरिएको छ, जसबाट सर्जकहरूले १,००० रुपैयाँदेखि १७ लाख रुपैयाँसम्म प्राप्त गरेका छन् (टेकपाना, २०८१) । यदि नियमित रूपमा रोयल्टी सङ्कलन भएमा, त्यहि अनुसार वितरण सकिन्छ । तर, अहिले जनचेतनाको कमी, ठोस तथ्याङ्कको अभाव र कमजोर राज्य व्यवस्था जस्ता चुनौतीहरू रहेको छ ।

**अवैध प्रतिलिपीः**

डिजिटल माध्यममा सङ्गीत सजिलै अनाधिकृत प्रयोग वितरण गर्ने गरिएकोले अवैध प्रतिलिपी -पाईरेसी) को समस्या गम्भीर बनेको छ । अनधिकृत प्रतिलिपीकरणंः डिजिटल माध्यममा सजिलै सङ्गीत डाउनलोड र साझा गर्न सकिने भएकाले प्रतिलिपी अधिकार उल्लङ्घन बढेको छ । कानूनी व्यवस्थाको अभावंः नेपालमा प्रतिलिपी अधिकार सम्बन्धी कानूनी व्यवस्था कमजोर भएकाले उल्लङ्घनको प्रवर्तन र दोषी माथि गरिनुपर्ने कारबाही प्रभावकारी रुपमा कार्यान्वयनमा कठिनाइ भएको पाइन्छ । अनुमतिबिना प्रयोगः डिजिटल प्लेटफर्महरूमा सिर्जनात्मक सामग्री सजिलै उपलब्ध हुने हुँदा धेरैले बिना अनुमति र श्रेयका सामग्री प्रयोग गर्ने गरेका छन् । यसले सर्जकको अधिकारलाई उल्लंघन गर्दछ । प्रविधिगत चुनौतीहरूः डिजिटल माध्यममा प्रतिलिपी अधिकारको सुरक्षाका लागि आवश्यक प्रविधिहरू डिजिटल फाइलहरूको ट्र्याकिङ्ग र प्रोटेक्शनका लागि उचित प्रविधिहरूको विकास र प्रयोग गर्नुपर्ने आवश्यकता छ । सचेतनाको अभावंः धेरै सङ्गीतकार र सिर्जनाकर्ताहरू प्रतिलिपी अधिकार सम्बन्धी जानकारी नहुनाले आफ्नो अधिकारको सुरक्षा गर्न असमर्थ छन् । आम उपभोक्तालाई प्रतिलिपि अधिकार दुरुपयोग हुँदा हुने सजायको बारेमा जानकारी नभएकाले बिना अनुमति र श्रेयका सामग्री प्रयोग गर्ने गरेको पाइएको छ ।

डिजिटल प्ल्याटफर्महरूका माध्यबाट सङ्गीतको अवैध डाउनलोड र पुनर्वितरणले सिर्जनाकर्ताको अधिकारलाई उल्लङ्घन जस्ता समस्याको समाधानको लागि केही उपायहरू अपनाउन सकिन्छ । डिजिटल सङ्गीत वितरण प्लेटफर्महरूमा प्रभावकारी प्रतिलिपी अधिकार सम्बन्धि नियमको र कानुनको आवश्यकता छ । यस्तो नियमको र कानुनले सङ्गीतको अनधिकृत वितरणलाई नियन्त्रण गर्न मद्दत पुर्याउँछ । साथै, सङ्गीत सर्जकहरूलाई आफ्नो सामग्रीको अनलाइन प्रयोगमा निगरानी राख्न र प्रतिलिपी अधिकारको उल्लङ्घनको खण्डन गर्न कानूनी सहारा प्रदान गर्न महत्त्वपूर्ण छ । प्रतिलिपी अधिकार सम्बन्धि सचेतना र जागरूकता बढाउन जरुरी छ । सङ्गीतकार र सङ्गीत प्रेमीहरूलाई प्रतिलिपी अधिकारको कानूनी पक्षको बारेमा शिक्षित गर्नु पर्छ ताकि तिनीहरूले आफ्नो अधिकारको रक्षा गर्न सकून् र अनधिकृत प्रयोगबाट जोगिन सकून । नेपालमा डिजिटल प्रतिलिपी अधिकारको व्यवस्थापनको प्रणालीलाई सुधार्नका लागि सरकारी र गैर सरकारी निकायहरूको सहकार्य आवश्यक छ । यो प्रणालीले सर्जकहरूको कपीराइट सुरक्षित गर्न र उनको र रोयल्टि आदिको उचित वितरण सुनिश्चित गर्न मद्दत गर्नेछ । त्यसैगरी डिजिटल अधिकारलाई सुरक्षित गर्न सङ्गीतका सामाग्रीहरु मयधलयिबम गर्न डिजिटल watermarking शुल्क अनिवार्य गरिनु पर्दछ (Digital Guardian, 2023) । यी प्रविधिहरूले डिजिटल सामग्रीको स्वामित्व र प्रयोगको ट्र्याक राख्न मद्दत गर्नेछन् । समग्रमा, नेपाली सङ्गीतमा डिजिटल माध्यममा प्रतिलिपी अधिकारको चुनौतीलाई समाधान गर्न कानूनी, प्राविधिक, शैक्षिक तथा सङ्गठित उपायहरू अवलम्बन गर्न जरुरी छ। यिनै विविध उपाएहरुको संयोजन गरेर नेपाली सङ्गीत उद्योगलाई थप समृद्ध बनाउन र सर्जकहरूको अधिकारलाई


Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np

सुरक्षित गर्न सम्भव हुनेछ । साथै सङ्गीत सर्जकको अधिकार सुनिश्चित गर्न र सङ्गीत उद्योगलाई थप समृद्ध बनाउन कानूनी, प्राविधिक, र शैक्षिक उपायहरूको समन्वय आवश्यक रहेको देखिन्छ ।

**निष्कर्शः**

नेपालको साङ्गीतिक परम्परा र यसको कानूनी संरचना, विशेष गरेर प्रतिलिपि अधिकारको संरक्षणमा भएका समस्याहरूको बारेमा उल्लेख गरिएको छ । सिर्जनात्मक कार्यहरुको संरक्षणका लागि नेपालमा कानूनी व्यवस्थाहरु रहेको छ, जसमा प्रतिलिपि अधिकार ऐन, २०५९ र अन्य कानूनी प्रावधानहरू समावेश छन् । डिजिटल प्लेटफर्महरूले गर्दा सङ्गीतको वितरण र पहुँचलाई सहज बनाएको छ, जसले सर्जकहरूलाई आफ्नो सिर्जना विश्वव्यापी स्तरमा प्रस्तुत गर्ने अवसर प्रदान गरेको छ । तर, यससँगै प्रतिलिपि अधिकार उल्लंघन र सर्जकहरूको आर्थिक र नैतिक अधिकारको संरक्षणमा विभिन्न समस्याहरू पनि उत्पन्न भएका छन् । यस्ता उल्लंघनहरूलाई रोक्नका लागि  कानूनी, प्राविधिक र शैक्षिक उपायहरूको समन्वय आवश्यक छ । समाधानका रूपमा, सम्बन्धित क्षेत्रका विज्ञ र सर्जकहरू सँग परामर्श गरी प्रतिलिपि अधिकार ऐनलाई समय सापेक्ष परिमार्जन गर्दै डिजिटल माध्यममा उल्लंघनलाई नियन्त्रण गर्न सशक्त कानूनी संरचना र सर्जक र प्रयोगकर्ताहरूमा प्रतिलिपि अधिकारका बारेमा सचेतना अभिवृद्धि आवश्यक देखिन्छ । प्रतिलिपि अधिकारको सुरक्षा नेपाली सङ्गीत उद्योगको दिगो विकासका लागि महत्वपूर्ण रहेको छ ।

**सन्दर्भसूचीः**

अनलाईन खबर (२०७६). प्रकाश सपुत विरुद्ध शम्भु राइले मुद्दा हाले, अनलाईन खबर । (*Retrieved*: 8th, December, 2024) https://www.onlinekhabar.com/2019/06/775871

गिरी, कुवेर (२०८१, फागुन २). गीत सङ्गीतमा प्रलिलिपि अधिकार उल्लंघन भयावह, रातो पाटी । (*Retrieved:* 19,February, 2025) https://www.ratopati.com/story/473120/copyright-infringement-in-music-is-alarming

टेकपाना (२०८१, साउन ११ ) *गीत सुन्दा किन तिर्नुपर्छ रोयल्टी,* टेकपाना । (*Retrieved:* 19,February, 2025) https://techpana.com/2024/147292/royalty-for-music-at-public-places

नागरिक. (२०७१, वैशाख ९). पाठकका दृष्टिमा प्रतिलिपि अधिकार. *नागरिक समाचार,* नागरिक । (*Retrieved:* 19, February, 2025) https://nagariknews.nagariknetwork.com/opinion/58812-1398202323.html

नेपाल सुकृत (२०८१, मंसिर १९, बुधबार). डिजिटलतर्फ सङ्गीत उद्योग, गोरखापत्र । (*Retrieved*: 16, December, 2024) https://gorkhapatraonline.com/news/100213

पौड्याल मधसूधन (२०७८, पौष १८). नेपालको बौद्धिक सम्पत्ति प्रणाली, अभियान । (*Retrieved*: 18, November, 2024) https://abhiyandaily.com/article/nepaalko-bauddhik-smptti-prnnaalii

थापा रश्मी (२०८१, मंसिर १९, बुधबार). डिजिटल युगको व्यवस्थापन चुनौती गीत–संगीतमा, न्युज अफ नेपाल डटकम । (*Retrieved*: 18, November, 2024) https://newsofnepal.com/2022/12/01/541156/

बिबिसि न्युज नेपाली (२०७९ कार्तिक २६, शनिबार). नेपाल सङ्गीत: एउटा गीतले उठाएको बौद्धिक सम्पत्तिबारे बहस, बिबिसि न्युज नेपाली । (*Retrieved* : 17, December, 2024) https://www.bbc.com/nepali/news-63579665

बुढाथोकी, सागर (२०८०, जेठ २९). "प्रतिलिपि अधिकार: सर्जक बेखबर हुँदा सीमित समूहको रजाइँ"  हिमालखबर । (*Retrieved*: 16, December, 2024) https://www.himalkhabar.com/news/136353

भट्टराई सेवा (२०८१ साउन २३, बुधबार). नेपाली संगीतको डिजिटल भण्डारण, हिमालखबर । (*Retrieved*: 16, December, 2024) https://www.himalkhabar.com/news/142561

मुकारुङ बुलु (२०७८ साउन ३०, शनिबार). नेपाली आधुनिक सङ्गीतको १०० वर्ष : सेतुरामदेखि डिजिटल युगसम्म, नेपाल लाइभ । (*Retrieved*: 16, December, 2024) https://nepallive.com/story/255703

रेग्मी, ध्रुवेशचन्द्र र अधिकारी रत्नाकर (nd). बौद्धिक सम्पतिको अधिकार सम्बन्धी सम्झौता र यसले उब्जाएको प्रश्न, एक्सनएड नेपाल पृ १३ ।

रेग्मी, संजीवराज (२०८०, असार- साउन). प्रतिलिपि अधिकार सम्बन्धी नेपाल कानून र कार्यान्वयनमा प्रहरीको जिम्मेवारी, प्रहरी. वर्ष ६५(२), पृ. १-९ । (*Retrieved*: 3rd January, 2025) https://www.nepalpolice.gov.np/media/filer_public/ec/a0/eca0619a-140d-4c9d-8cea-95bb333eecc8/asar-saun-2080.pdf

शिलापत्र. (२०७७, पुस २८). *के हो विन्ध्यवासिनी र प्रमोद खरेलबीचको लफडा,* शिलापत्र । (*Retrieved:* 19, February, 2025) https://shilapatra.com/detail/49273

**सरकारी वेबसाईट**

नेपाल सरकार. (२०८१, असोज १४). *प्रतिलिपि अधिकार ऐन २०८१ मस्यौदा.* (*Retrieved* 19,February, 2025) https://kms.pri.gov.np/dams/pages/view.php?ref=24177&k=1c6b2b50d2

प्रतिलिपिअधिकार नियमावली, (२०६१-४-१८). (*Retrieved:* 15, December 2024) https://doc.gov.np/uploads/Regulations/copyright-rules-nepali.pdf

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय. (२०७० असार ) *प्रतिलिपि अधिकार सहयोगी पुस्तिका* (पृ. ७–१०) । (*Retrieved:* 19February, 2025) https://www.nepalcopyright.gov.np/downloadfile/copyright%20hand%20book_1389011452_1573122739.pdf

**जर्नल र वेबसाइटहरूबाट**

Digital Guardian. (2023, June 14). *What is digital watermarking?*. (*Retrieved*: 19, February, 2025) https://www.digitalguardian.com/

Ficsor, M. (2023). *Guide to the copyright and related rights treaties administered by WIPOs* (pp. 6-12). World Intellectual Property Organization. (*Retrieved*: 19, February, 2025) https://www.wipo.int/edocs/pubdocs/en/copyright/891/wipo_pub_891.pdf

Ginsburg, J. C. (1990). A tale of two copyrights: Literary property in revolutionary France and America. *Tulane Law Review*, *64*(5), 991-1006. (*Retrieved*: 19, February, 2025) https://scholarship.law.columbia.edu/cgi/viewcontent.cgi?article=1694&context=faculty scholarship

Hermawan, M. S., & Heyzer, P. A. (2017). The evolution of analogue and digital music. *Binus University Business School*. (*Retrieved*: 18,February ,2025) https://bbs.binus.ac.id/international-business/2020/06/the-evolution-of-analogue-and-digital-music/

Intellectual Property Rights Office. (n.d.). *Copyright history*. Intellectual Property Rights Office. (*Retrieved*: 18, January, 2025) https://intellectualpropertyrightsoffice.org/copyright_history/

Ficsor, M. (2023). *Guide to the copyright and related rights treaties administered by WIPOs* (pp. 6-12). World Intellectual Property Organization. https://www.wipo.int/edocs/pubdocs/en/copyright/891/wipo_pub_891.pdf

Jakobsen, J. (n.d.). *Commentary on The Danish Copyright Ordinance (1741)*. Division of Book History, University of Lund. (*Retrieved:* 19, February, 2025), https://www.copyrighthistory.org/cam/tools/request/showRecord.php?id=commentary_sc_1741

Seeley, M. (n.d.). *Evolution of copyright law from guild and printing monopolies to human and natural rights*. SCIPUBLAW. (*Retrieved:* 19, February, 2025), https://scipublaw.com/evolution-of-copyright-law/

Smith, G. (2023, September 30). 10 best music streaming services. *CITESCHOOL*. (*Retrieved* 3, February, 2025) https://citeschool.org/ne/10-srvshresstth-sngiit-sttriming-sevaahruu

**अनुसूचि**

अर्याल, राजेन्द्र आईटीविज्ञ -प्रत्यक्ष अन्तर्वार्ता मिति २०८१, ७, ३० दिउसो २ बजे, अनामनगर ।



Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np